For Nepali By Nepali नेपालीका लागी नेपाली

NRNA NATIONAL COORDINATION COUNCILS

**मिति: २२ नोभेम्वर २०२१**

## प्रेस वक्तव्य

लन्डन -- गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद्हरुको पहिलो ऐतिहासिक विश्व भेलाको माग बमोजिम संघको महाधिवेशन गराउने जिम्मा संघकै संरक्षक परिषदलाई दिने परराष्ट्र मन्त्रालयको निर्णयको हामी स्वागत गर्दछौं।

गैर आवासीय नेपाली संघको १८ वर्षको अवधिमा पहिलो पटक घोषित मितिमा महाधिवेशन तथा चुनाव हुन नसकेको र उत्पन्न विवादलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले उचित सम्बोधन गर्न नसकेको हुनाले वैधानिक संकटको स्थिति उत्पन्न भएको थियो । यसै कुरालाई सम्बोधन गर्न नसकेको कारणले पररास्ट्र मन्त्रालयमा उजुरी पनि परेको थियो। यस्तो विषम परिस्थितिमा संस्थालाई निकास दिन ताजा जनादेश प्राप्त, भर्खरै निर्वाचित गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् (एनसीसी) हरुले गत २४ अक्टोबर २०२१ मा पहिलो विश्व भेला गरेका थिए।

उक्त भेलाले गरेको माग बमोजिम संघको विधानको मर्म र भावना अनुरुप ६५ प्रतिशत डेलिगेट्स चयन गर्ने जिम्मा २०२१–२३ का लागि निर्वाचित कार्यसमितिलाइ दिने निर्णयको पनि हामी स्वागत गर्दछौं।

गैरआवासीय नेपाली संघको विधानको व्यवस्था बमोजिम २ वर्ष भित्र महाधिवेशन गर्न नसकेको कारणले संघको विधानको धारा १६ (१) को (४) मा उल्लेख भए बमोजिम संस्थाको साख बचाउन पहल गर्नु पर्ने जिम्मेवारी संरक्षक परिषदमाथि आइ पुगेको छ। संघको इतिहासमै उत्पन्न अभूतपूर्व संकटलाई हालै कार्यकाल पुरा गरेको आइसीसी, नव निर्वाचित आइसीसी सदस्यहरु, सल्लाहकारज्यूहरु तथा हामी सम्पूर्ण एनसीसीहरुसंग छलफल र परामर्श गरी निकास निकाल्न संरक्षक परिषदलाई आग्रह गर्दछौं। साथै संरक्षक परिषदलाई हरसम्भव सहयोग गर्न हामी तत्पर रहेको पनि जानकारी गराउंछौं। हाम्रो आगामी कदमबारे छिट्टै एक बैठक गरी जानकारी गराउने छौं।

गैरआवासीय नेपाली संघका राष्ट्रिय समन्वय परिषद्हरुको पहिलो विश्व भेला

तयारी समितिका संयोजक – एनसीसी अमेरिकाका अध्यक्ष बुद्धिसागर सुवेदी तथा सदस्यहरु:

एनसीसी बेलायतका अध्यक्ष प्रेम गाहा मगर
एनसीसी अष्ट्रियाकी अध्यक्ष भवानी तिवारी
एनसीसी अष्ट्रेलियाका अध्यक्ष नन्द गुरुङ
एनसीसी क्यानाडाका अध्यक्ष दीपक गौतम
एनसीसी स्पेनका अध्यक्ष शालिकराम डुम्रे
एनसीसी कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान
एनसीसी दक्षिण कोरियाका अध्यक्ष दीपक पुन मगर
एनसीसी दक्षिण अफ्रिकाका अध्यक्ष पुष्पराज भट्टराई

को तर्फ बाट:

प्रेम गाहा मगर
अध्यक्ष
एनसीसी युके